
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर १७ गते सोमबार ❑ 2 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## एघार महिनामा १० लाख ५५ हजार विदेशी पर्यटक भित्रिए

**रासस**
काठमाडौं, १६ मंसिर

सन् २०२४ को ११ महिनामा १० लाख ५५ हजारभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार यस वर्षको जनवरीदेखि नोभेम्बरसम्म हवाई मार्ग भएर १० लाख ५५ हजार पाँच सय ३३ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका हुन् ।

उक्त तथ्याङ्क अनुसार सन् २०२४ मा १३ लाख १५ पर्यटक स्वागत गर्ने लक्ष्य हासिल गर्न कठिन हुने देखिएको छ । सन् २०२४ अन्त्य हुन अब एक महिना मात्र बाँकी छ। डिसेम्बरमा करिब ७० हजार पर्यटक आउने बोर्डले अनुमान गरेको छ। यसरी हेर्दा वर्ष २०२४ मा ११ लाख १५ हजार हाराहारी मात्रै पर्यटक भित्रिने देखिन्छ। नोभेम्बरमा मात्रै एक लाख १४ हजार पाँच सय एक पर्यटक आएका छन् । यो अघिल्लो वर्ष सन् २०२३ को सोही महिनाको तुलनामा पाँच दशमलव ४० प्रतिशत बढी हो । उक्त वर्षको नोभेम्बरमा एक लाख आठ हजार छ सय ३० पर्यटक भित्रिएका थिए । सन् २०१९ को नोभेम्बरमा एक लाख ३० हजार तीन सय तीन विदेशी पर्यटकले नेपाल भ्रमण गरेका बोर्डको तथ्याङ्कमा उल्लेख छ । बोर्डका निर्देशक मणिराज लामिछानेले हालसम्मको पर्यटक आगमन विश्लेषण गर्दा सन् २०२३ को तुलनामा झण्डै १० प्रतिशत मात्रै बढ्ने देखिएको बताउनुभयो । सन् २०२३ मा १० लाख १४ हजार आठ सय ७१ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका उहाँले जानकारी दिनुभयो ।

बोर्डले सन् २०२४ मा कोरोना महामारीपूर्व सन् २०१९ मा आएका पर्यटक भन्दा बढी आउने अनुमान गरेको थियो । सन् २०१९ मा ११ लाख ९७ हजार एक सय ९१ विदेशी पर्यटक नेपाल आएका थिए । एसिया प्यासिफिक क्षेत्रको भन्दा नेपालको पर्यटन पुनरुत्थान माथि रहेको बोर्डका निर्देशक लामिछानेले उल्लेख गर्नुभयो ।

संयुक्त राष्ट्रसङ्घ विश्व पर्यटन सङ्गठन (युएनडब्लुटिओ) को छ महिनाको आँकडा अनुसार विश्वव्यापी रूपमा ९६ प्रतिशतले नेपालको पर्यटन पुनरुत्थान भएको छ । उक्त अवधिमा विश्वव्यापी ९३ प्रतिशत पर्यटन पुनरुत्थान भएको जनाइएको छ। विभिन्न कारणले सन् २०२४ मा प्रक्षेपण गरिएको पर्यटक आगमन लक्ष्य भेट्टाउन कठिन भएको बोर्डका निर्देशक लामिछानेले उल्लेख गर्नुभयो । "हालसम्मको पर्यटक आगमन हेर्दा विश्वव्यापी रूपमा नेपालको पर्यटक आगमन सकारात्मक देखिन्छ", उहाँले भन्नुभयो, "पर्यटनका विभिन्न सूचकलाई विश्लेषण गर्दा सन् २०१९ को भन्दा बढी पर्यटक आउने प्रक्षेपण गरिएको थियो । लामो समयसम्म बोर्डको अन्तर्राष्ट्रिय प्रवर्द्धन रोकिनु, विमान दुर्घटना र प्राकृतिक विपत्तिलगायत कारणले पर्यटक आगमन सुधार हुन नसकेको अनुमान गरिएको छ ।"

करिब छ महिना बोर्डको अन्तर्राष्ट्रिय प्रवर्द्धन रोकिनु, बीचमा विमान र हेलिकप्टर दुर्घटना हुनु, असोजको ११ र १२ गतेको अविरल वर्षापछिको बाढीपहिरोपछिका घटना र गत कात्तिक २३ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको १० घण्टा उडान बन्दलगायत कारणले अपेक्षित रूपमा पर्यटक आउन नसकेका बोर्डले विश्लेषण गरेको छ । बोर्डको विवरणमा नोभेम्बरमा भारतबाट १९ हजार नौ सय १५ पर्यटक आएका छन् । संयुक्त राज्य अमेरिकाबाट १० हजार नौ सय ८१ र चीनबाट नौ हजार चार सय ५८ पर्यटकले नेपाल भ्रमण गरेका छन् । संयुक्त अधिराज्य बेलायतबाट छ हजार पाँच सय ११, बङ्गलादेशबाट पाँच हजार एक सय ४८, अष्ट्रेलियाबाट चार हजार आठ सय २९, थाइल्याण्डबाट चार हजार दुई सय ६२, श्रीलङ्काबाट चार हजार तीन सय ९५, जर्मनीबाट तीन हजार नौ सय २६ र फ्रान्सबाट तीन हजार आठ सय ४१ पर्यटक नेपाल भ्रमणमा आएका छन् ।

**कुन महिनामा कति पर्यटक**

मार्चमा सबैभन्दा बढी एक लाख २८ हजार एक सय ६७ र सबैभन्दा कम जुलाईमा ६४ हजार पाँच सय ९९ पर्यटकले नेपाल भ्रमण गरेका छन् । अक्टोबरमा एक लाख २४ हजार तीन सय ९३, अप्रिलमा एक लाख ११ हजार तीन हजार ७६ पर्यटक आएका तथ्याङ्कमा उल्लेख छ। नोभेम्बरमा एक लाख १४ हजार पाँच सय एक, सेप्टेम्बरमा ९६ हजार तीन सय पाँच, जनवरीमा ७९ हजार एक सय, फेब्रअरीमा ९७ हजार चार सय २६, मेमा ९० हजार दुई सय ११, जुनमा ७६ हजार सात सय ३६ र अगस्टमा ७२ हजार सात सय १९ पर्यटक नेपाल आएका छन् ।

## स्थानीय तह उपनिर्वाचनमा करिब ६२ प्रतिशत मतदान

**रासस**
काठमाडौं, १६ मंसिर



स्थानीय तहमा रिक्त विभिन्न ४१ पदका लागि आइतबार भएको निर्वाचनमा करिब ६२ प्रतिशत मत खसेको छ ।

उपनिर्वाचन भएका स्थानीय तह तथा वडाको अन्तिम मतदाता नामावलीमा दुई लाख २६ हजार सात सय ९९ मतदाता रहेकामा हालसम्मको प्राप्त विवरणअनुसार करिब ६२ प्रतिशत मतदान भएको निर्वाचन आयोगका प्रवक्ता नीता पोखेल अर्यालले जानकारी दिनुभयो ।

उपनिर्वाचनमा नगरपालिका प्रमुख एक, उपप्रमुख एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ पदका लागि आज मतदान भएको हो । उपनिर्वाचन प्रयोजनका लागि २५ राजनीतिक दल दर्ता भएकामा २० राजनीतिक दलका तर्फबाट उम्मेदवारी परेको थियो ।

बिहान ७ बजेदेखि सुरु भएको निर्वाचन अपराह्न ५ बजेसम्म सबै निर्वाचनस्थल केन्द्रमा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको आयोगले जनाएको छ । यो उपनिर्वाचनमा विभिन्न २० राजनीतिक दल र स्वतन्त्र गरी तीन सय ७६ उम्मेदवार प्रतिस्पर्धामा हुनुहुन्छ । मतपेटिका सुरक्षित रूपमा सङ्कलन भएपछि मतगणना प्रारम्भ गर्न निर्देशन दिइएको आयोगले जनाएको छ ।

निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गराउने कार्यमा सहयोग, समन्वय र सहकार्यका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहसहित सबैलाई आयोगले आभारसहित धन्यवाद ज्ञापन गरेको छ ।

## उपनिर्वाचनले लोकतन्त्रप्रतिको विश्वासलाई थप प्रमाणित गरेको छ : सभापति देउवा

**रासस**
काठमाडौं, १६ मंसिर

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले स्थानीय तह उपनिर्वाचन-२०८१ निष्पक्ष, धाँधलीरहित र उत्साहपूर्ण रूपमा सम्पन्न भएकामा सबैलाई धन्यवाद दिनुभएको छ ।

सभापति देउवाले प्रेस विज्ञप्तिमार्फत देशका विभिन्न पालिकामा रिक्त पदहरूका लागि आइतबार भएको उपनिर्वाचनमा सबैले अत्यन्त उत्साह र धैर्यसाथ आफ्नो अमूल्य मत दिनुभएकामा धन्यवादज्ञापन गर्नुभएको हो । उहाँले आजको उपनिर्वाचनमा उत्साहपूर्ण र सक्रिय सहभागिता, सहयोग र समर्थनले लोकतन्त्रप्रति नागरिकको विश्वासलाई थप प्रमाणित गरेको उल्लेख गर्नुभएको छ। यो विश्वास कायम राख्ने ढङ्गले कार्य गर्न सरकार र राजनीतिक दलहरूलाई थप प्रेरणा मिलेको सभापति देउवाको भनाइ छ ।

उहाँले शान्तिपूर्ण एवं भयरहित वातावरणमा निष्पक्ष, धाँधलीरहित र उत्साहपूर्ण रूपमा उपनिर्वाचन सम्पन्न गराउन सफल भएकामा नेपाल सरकार र निर्वाचन आयोगलाई विशेष धन्यवाद दिनुभएको छ ।

## प्रधानमन्त्री ओली सोमबार चीनको औपचारिक भ्रमणमा जानुहुँदै

**रासस**
काठमाडौं, १६ मंसिर



प्रधानमन्त्री केपी शर्मा ओली जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणका लागि भोलि सोमबार बिहान बेइजिङ प्रस्थान गर्नुहुने भएको छ ।

चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा उहाँ यही मङ्सिर १७ देखि २० गतेसम्म चीनको औपचारिक भ्रमण गर्न लाग्नुभएको हो ।

भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सी जिनपिङसँग बेइजिङमा भेटवार्ता गर्नुहुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । यसैगरी उहाँले आफ्ना चिनियाँ समकक्षी लीसँग भेटवार्ता गरी द्विपक्षीय हितका विविध विषयमा विचार आदानप्रदान गर्नुहुनेछ। प्रधानमन्त्री ओलीसँग चीनको राष्ट्रिय जनकांग्रेसका स्थायी समिति अध्यक्ष झाओ लेजीको समेत भेट हुने तालिका रहेको छ । भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयमा सम्बोधन गर्नुहुने कार्यक्रम छ । यस्तै उहाँले बेइजिङस्थित नेपाली दूतावास, चाइना काउन्सिल फर द प्रमोशन अफ इन्टरनेसनल ट्रेड र नेपाल उद्योग वाणिज्य महासङ्घको संयुक्त आयोजनामा हुने नेपाल-चीन व्यापार मञ्चलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ । प्रधानमन्त्री ओलीका साथमा उहाँकी धर्मपत्नी राधिका शाक्य रहनुहुनेछ । यस्तै प्रधानमन्त्री ओली नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, सांसदहरू, विशिष्ट श्रेणीका सरकारी अधिकारी, निजी क्षेत्रका प्रतिनिधि, सञ्चारकर्मीलगायत हुनुहुन्छ । प्रधानमन्त्री ओली नेतृत्वको प्रतिनिधिमण्डल यही मङ्सिर २० गते स्वदेश फर्कने तालिका छ ।

## भारत र चीनबाट पर्यटक भित्र्याउन 'नाइस-२०२५' गरिँदै

**रासस**
काठमाडौं, १६ मंसिर


पर्यटन प्रवर्द्धन गरी छिमेकी मूलुक भारत र चीनबाट धेरै भन्दा धेरै पर्यटक भित्र्याउने उद्देश्यले संयुक्त रुपमा 'नेपाल इन्डिया चाइना एक्सपो (नाईस-२०२५)' गरिने भएको छ ।

आगामी फागुन १२ देखि १४ सम्म पोखरामा उक्त एक्सपो (मेला) आयोजना गरिएको प्यासिफिक एसिया ट्राभल एशोसिएशन (पाटा) नेपाल च्याप्टरले जनाएको छ । आयोजक पाटाका अनुसार एक्स्पोका लागि नेपाल पर्यटन बोर्ड, उद्योग तथा पर्यटन मन्त्रालय (गण्डकी प्रदेश), पोखरा महानगरपालिका, पोखरा टुरिजम काउन्सिल र अन्य प्रमुख पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाको सहकार्य हुने छ ।

पाटा नेपाल च्याप्टरका प्रमुख कार्यकारी अधिकृत सुरेशसिंह बुडालका अनुसार एक्स्पोमा एकसय भन्दा बढी क्रेता, ८० भन्दा बढी बिक्रेता, भारत र चीनका २५ भन्दा बढी सञ्चारकर्मी र विज्ञ वक्तालगायत गरी एकहजार बढीको सहभागिता रहनेछ । उहाँले एक्स्पो आयोजनाको मुख्य उद्देश्य दुई ठुला अर्थतन्त्र तथा पर्यटन स्रोतबजार भारत र चीनमा नेपालको पर्यटन सम्भाव्यता र एकीकृत व्यावसायिक अवसरलाई प्रवर्द्धन गर्नु रहेको बताउनुभयो । 'नाईस फर माईस एण्ड मोर' भन्ने नाराका साथ आयोजना हुने एक्स्पोले पोखरालाई पदयात्रा र साहसिक पर्यटन केन्द्रको रूपमा मात्र नभइ माईस पर्यटन (अर्थात् बैठक, सभा सम्मेलन, प्रोत्साहन, विवाह तथा अन्य उत्सव, महोत्सव, समारोह, मेला र प्रदर्शनी) का लागि आकर्षक गन्तव्यको रुपमा प्रवर्द्धन गर्ने पाटाले आज विज्ञप्तिमार्फत जनाएको छ ।

एक्स्पोका संयोजक सुनिल भट्टराईले छिमेकी पर्यटन स्रोतबजार (चीन र भारत) बाट पर्यटन सम्बद्ध व्यवसायी र निजी तथा सरकारी निकायका सरोकारवाला एवं सङ्घ संस्थालाई एकै थलोमा आमन्त्रण

बाँकी अन्तिम पृष्ठमा ▶▶



# पोखरा आइटिएफ जे ३० प्रतियोगितामा १० देशका १०५ खेलाडी पहिलो सर्किटमा सहभागी हुदै

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

कास्की जिल्ला टेनिस संघको आयोजनामा भोली (सोमबार) देखि आइटिएफ वर्ल्ड टेनिस टुर जे ३० सर्किट १ र २ सुरू हुने भएको छ । यही मंसिर २९ गतेसम्म पोखरा रंगशालाको टेनिस कोर्टहरुमा संचालन हुने उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आइतबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो ।

पहिलो सर्किटमा १० देशका १०५ जना खेलाडीहरु सहभागि हुने भएको प्रतियोगिताका प्रचार प्रसार संयोजक प्रिती बरालले बताइन् । प्रतियोगितामा सहभागि देशहरुमा नेपाल सहित जापान, भारत, चिन, अमेरिका, न्युजिल्याण्ड, ताइवान, मंगोलिया, बंगलादेश र कोरियाका खेलाडीहरुको सहभागिता हुने भएको उनले जनाइ । पहिलो सर्किट पुरुष खेलाडी ७० र महिला खेलाडी ३५ जनाले प्रतिष्पर्धा गर्ने प्रचार प्रसार संयोजक बरालले जनाइन् । उनले भनिन्-"पोखराले विभिन्न १० देशका खेलाडी उनीहरुका अभिभावक र प्रशिक्षक गरी २ सय ५० जनाको आतिथ्यता गर्न पाउनु महत्वपूर्ण विषय हो ।"




संघ कास्कीका अध्यक्ष एवं प्रतियोगिताका संयोजक राजकुमार गुरुङ (राजु)ले पोखरालाई खेलकुद मार्फत प्रवर्द्धन गर्न प्रतियोगिताले महत्वपूर्ण भूमिका निर्वाह गरेको जनाउँदै अर्को सस्करणहरु जे६० वा जे१०० गर्ने तयारीमा आफूहरु रहेको बताए । उनले भने-"हामी संग पूर्वाधारको अभाव छ । यदि हामीलाई सहयोग रह्यो भने ठूला बरियताका प्रतियोगिता गर्न हामी सक्षम छौं ।" पहिलो सर्किट सोमबारबाट सुरु हुने कास्की जिल्ला टेनिस संघका सचिव भिष्मराज पौडेलले बताउनु भयो । प्रतियोगिताले स्थानिय खेलाडीहरुको खेलकौशल बढाउन सुनौलो अवसरको रुपमा हेरिएको कास्की टेनिसका उपाध्यक्ष नविन चालिसेले बताएका छन् । उनले भने-"यो महत्वपूर्ण प्रतियोगिता हो । हामीले अन्तिम तयारी पुरा गरेका छौं । सबै पोखरेलीहरुको सहयोगले प्रतियोगितालाई उचाईमा पुर्याउन चाहन्छौं । तर पोखरा आउने कनेक्टिभिटीका कारण सोचे अनुरुपा प्रतियोगिता अघि बढ्न सकेको छैन । यसमा राज्यको ध्यान जान आवश्यक छ ।" प्रतियोगितामा १३ वर्ष देखि १८ वर्ष उमेर समुहमा हुने प्रतिष्पर्धाका बिजेताले समान ३० अंक, उपबिजेताले १८ अंक, सेमि फाईनलिष्टले ९ अंक, क्वाटर फाइनालिष्टले ५ र आर-१६ले २ अंक प्राप्त गर्नेछन् । .त्यस्तै डबल्समा विजेताले २५ अंक उपविजेताले १३ अंक, सेमि फाइनालिष्टले ६ अंक, क्वाटर फाइनालिष्टले ३ अंक प्राप्त गर्नेछन् । प्रतियोगितामा पुरुष सिङ्गल्स तथा डबल्स, महिला सिङ्गल्स तथा डबल्स गरि जम्मा ४ ईभेन्टमा प्रतियोगिता संचालन हुनेछन् । जसमा बिजेता तथा उप-विजेताले प्रमाण-पत्रसहित मेडल प्राप्त गर्नेछन् । प्रतियोगिता बारे जानकारी दिंदै प्रतियोगिताका टुर्नामिन्ट डाइरेक्टर अजय विष्टले प्रतियोगितामा पुरुषतर्फ वर्ल्ड र्याकिङ नं १ जापानी खेलाडी रिकु हिगासी र नेपाली खेलाडी वर्ल्ड र्याकिङमा चौथो रहेका आरभ सम्राट हाडा र महिलातर्फ वर्ल्ड र्याकिङ नं १ भारतिय खेलाडी माहिका खन्ना र छैटौं वर्ल्ड र्याकिङकी नेपाली खेलाडी सुनिरा थापाको सहभागिता हुने जानकारी दिए । जापानी खेलाडी रिकु गत वर्ष समेत पोखरा आएका खेलाडी हुन् ।

टुर्नामिन्ट डाइरेक्टर अजय विष्टले प्रतियोगिताका लागि चार जना भारतिय अम्पाएर समेत पोखरा आइपुगेको जानकारी दिएका छन् । प्रतियोगिता सम्पन्न गर्न करिव २१ लाख खर्च हुने कास्की टेनिसका कोषाध्यक्ष विष्णु थापाले जानकारी दिंदै सहयोगका लागि प्रदेश सरकार, प्रदेश खेलकुद परिषद र पोखरा महानगर संग आग्रह गरिएको बताए । "अहिले हामीले व्यक्तिगत रुपमा खर्च गरेका छौं । पोखरा महानगरबाट सहयोग हुने आश्वासन पाएका छौं",उनले भने। आफुहरुको वोर्ड सदस्यहरुबाट ५ लाख ७० हजार आर्थिक जोहो गरेको कोषाध्यक्ष थापाले सुनाए । प्रतियोगिताको उद्घाटन पोखरा महानगर पालिकाका मेयर धनराज आचार्यले गर्ने कार्यक्रम रहेको छ ।

# गुरुकुल सञ्चालन गर्न अक्षयकोष स्थापना

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर



पोखरा महानगरपालिका-३२ लामेआहालमा सञ्चालित राधाकृष्ण गुरुकुल संस्कृत विद्यालय व्यवस्थित ढङ्गले सञ्चालन गर्न अक्षयकोष स्थापना भएको छ ।

कोष स्थापना भएसँगै त्यसमा रु ३० लाख दाखिला पनि भएको छ । विभिन्न सङ्घसंस्था प्रतिष्ठान एवं व्यक्तिहरूबाट अक्षयकोषमा रकम दाखिला भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नागेन्दप्रसाद्र रेग्मीले जानकारी दिनुभयो । अक्षयकोषमा कम्तीमा रु एक करोड पुर्याउने लक्ष्य रहेको उहाँले बताउनुभयो । अक्षयकोषमा पद्मजगत् स्मृति प्रतिष्ठानले रु १० लाख, धनबहादुर थापाले रु एक लाख ११ हजार, भगवती पन्तले ५२ हजार ५५, मातृका सिग्देलको स्मृतिमा हरिमाया सिग्देल र परिवारजनले रु ५१ हजार १११, वासुदेव तिवारीले रु ५० हजार, खगराज अधिकारीले रु ३७ हजार र विष्णुमाया पण्डितले १५ हजार प्रदान गर्नुभएको जानकारी उहाँले दिनुभयो ।

# नेत्रहीन विश्वकप क्रिकेटः सेमिफाइनलमा नेपाल पाकिस्तानसँग पराजित

रासस
काठमाडौं, १६ मंसिर

नेत्रहिन टि-ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगितामा नेपाल पाकिस्तानसँग पराजित भएको छ ।

पाकिस्तानको मुल्तान क्रिकेट रङ्गशालामा आज भएको पहिलो सेमिफाइनल खेलमा नेपाल पाकिस्तानसँग १० विकेटले पराजित भएको हो । यस हारसँगै नेपालको फाइन खेल्ने सपना समाप्त भएको छ । नेपालले दिएको ९५ रनको सामान्य लक्ष्य पाकिस्तानले पाँच दशमलव तीन ओभरमा कुनै विकेट नगुमाई पूरा गर्यो । विभिन्न छ देश सहभागी विश्वकपको लिग चरणबाट चौथो स्थानमा रहँदै नेपालले सेमिफाइनलको यात्रा तय गरेको थियो । लिग चरणको खेलमा पनि नेपाल पाकिस्तानसँग समान १० विकेटले पराजित भएको थियो । त्यसैगरी नेपाल श्रीलङ्कासँग ७० र बङ्गलादेशसँग ६७ रनले पराजित भएको थियो भने अफगानिस्तालाई एक सय आठ र दक्षिण अफ्रिकाकालाई ११ रनले हराएको थियो । आइतबारको जीतमा पाकिस्तानका लागि कम्रन अख्तरले सर्वाधिक ६३ रनको योगदान दिए । उनले २१ बलमा १२ चौका र एक छक्काको मद्दतले सर्वाधिक ६३ रन बनाएका हुन् । यसैगरी बाबर अली ३२ रनमा अविजित रहे ।

त्यसअघि पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै ९४ रनको योगफल तयार पारेको थियो । नेपालका लागि दुर्गादत्त पौडेलले सर्वाधिक ४० र रमेश बानियाँले अविजित १७ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । पाकिस्तानका लागि माती उल्लाहले तीन र बाबर मुनरीले एक विकेट लिए ।

# मंसिर अन्तिम साता प्रथम पोखरा खुल्ला एमेच्योर गल्फ प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

आगामी मंसिरको अन्तिम साता पोखरा १४ मझेरीपाटनस्थित हिमालयन गल्फ कोर्षमा प्रथम पोखरा खुल्ला एमेच्योर गल्फ प्रतियोगिता हुदैं छ । कास्की जिल्ला गल्फ संघको पुर्नगठनपछि पहिलो पटक संघले एमेच्योर गल्फ प्रतियोगिता आयोजनाको जमर्को गरेको हो । प्रतियोगिता मंसिर २८ र २९ गते हुने छ ।

पार ६९ को कोर्षमा नेपालका विभिन्न गल्फ क्लबबाट एकसय भन्दा बढी एमेच्योर गल्फरको सहभागिता हुने विश्वास गल्फ संघले लिएको छ । प्रतियोगिताको लागि काठमाडौं, धरान, चितवन, महोत्तरी लगायतका गल्फ क्लबका गल्फरको सहभागिता रहने कास्की जिल्ला गल्फ संघका अध्यक्ष जीवाराम गुरुङले जानकारी दिए ।

प्रतियोगितामा टिम इभेण्ट पुरुष, पुरुष खुल्ला, महिला खुल्ला र यु–१६ गरी चार इभेण्टमा प्रतिस्पर्धा हुने छ । पहिलो दिन मंसिर २८ गते टिम इभेण्टको प्रतिस्पर्धा हुने छ । टिम इभेण्टमा दुई जना गल्फर रहने प्रावधान छ । पहिलो दिन बेटर बल(उत्कृष्ट स्कोर)को आधारमा विजेता घोषणा गरिने छ । विजेता, उपविजेता र तेस्रो स्थानमा रहने टिमलाई ट्रफीसहित नगद पुरस्कार प्रदान गरिने संघले जनाएको छ ।

दोस्रो दिन महिला तथा पुरुष र यु–१६ को इभेण्ट हुने छ । १८ होलको प्रतिस्पर्धा स्टेबलफोर्ड ३/४ ह्याण्डीक्यापमा खेलाईने छ । उत्कृष्ट प्रदर्शन गर्दै विजेता बन्ने पुरुष तथा महिला एवं उमेर समूहको विजेता, उपविजेता र तेस्रो स्थानमा रहने गल्फरलाई नगदसहित ट्रफी प्रदान गरिने प्रतियोगिताका संयोजक एवं संघका उपाध्यक्ष भक्तराज गुरुङले जानकारी दिए । यसैगरी हिमालयन गल्फ क्लबले मासिक रुपमा आयोजना गर्ने मन्थ्ली मेडल गल्फ प्रतिस्पर्धामा नोभेम्बरको गल्फ मेडल गल्फर बलराम थापाले जितेका छन् । स्ट्रोक प्ले खेलाईएको खेलमा थापाले ७० स्कोरसहित उपाधि जिते । त्यसैगरी मेजर लक्ष्मीप्रसाद गुरुङ एक स्ट्रोकले पछि पर्दै उपविजेतामा चित्त बुझाए । मन्थ्ली मेडलमा २३ जना गल्फरको सहभागिता रहेको थियो । कास्की जिल्ला गल्फ संघका पूर्व सचिव ई.गोविन्द गौचनले पुरस्कार प्रदान गरेका थिए । सोही अवसरमा गत महिनाका विजेता जीवाराम गुरुङलाई समेत पुरस्कार प्रदान गरिएको थियो ।

**महालक्ष्मी आर्थिक सहकारी संस्था लि.**
पोखरा-९, नयाँबजार
फोन नं.: ०६१-५८९५३७, ५८९३९१

**२५औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि. को संचालक समितिको २०८१ कार्तिक ११ गते आइतबार बसेको बैठकको निर्णयानुसार संस्थाको २५ औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नानुसारका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले आदरणीय शेयर सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितको लागि हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम** :
मिति : २०८१ मंसिर २८ गते शुक्रवार
समय : दिउसो ३:०० बजे
स्थान : रोयल दिदीबहिनी किचन, पोखरा-१०, उत्तमचोक

**छलफलका विषयहरु** :
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
२) लेखा सुपरिवेक्षण समितिको आर्थिक वर्ष २०८०/०८१ को प्रतिवेदन ।
३) आ.व. २०८१/०८२ को लागि लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण ।
४) आर्थिक वर्ष २०८०/०८१ को लेखा परीक्षण तथा कोषाध्यक्षज्यूको प्रतिवेदन ।
५) साधारण सभाको माइन्यूटमा हस्ताक्षर गर्न सदस्य चयन ।
६) विभिन्न समिति तथा उपसमितिले गरेको निर्णय अनुमोदन गर्ने ।
७) विविध ।

**संचालक समितिको आज्ञाले**
**अम्बिका मोहन भट्टराई**
**सचिव**

# भारत ...

गरी आपसी व्यापार प्रवर्द्धन, सम्पर्क सञ्जाल विस्तार, तथा त्रिदेशीय पर्यटनको नयाँ आयाम उजागर गर्ने महत्वपूर्ण मञ्च बन्ने विश्वास व्यक्त गर्नुभयो ।

पोखरा महानगरपालिकाका नगरप्रमुख धनराज आचार्यले पोखरामा हुने कार्यक्रमले पोखराको पर्यटनलाई उल्लेखनीय रूपमा प्रवर्द्धन गर्ने बताउनुभयो । नेपाल पर्यटन बोर्डका सिइओ दीपकराज जोशीले दुई ठूला पर्यटन स्रोतबजारका क्रेता र विक्रेतालाई जोडेर पर्यटकीय गतिविधि र अनुभव आदानप्रदान गर्ने सो कार्यक्रम पर्यटन प्रवर्द्धनको महत्वपूर्ण माध्यम बन्ने विश्वास व्यक्त गर्नुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले नाईस कार्यक्रमलाई विशेष र प्रभावकारी बनाउन सबैको सक्रियता आवश्यक रहेको बताउनुभयो ।

# पोखरामा ३७ औं विश्व एड्स दिवस मनाइयो

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

एड्स अन्त्यका लागि सबैको अधिकार सुनिश्चित गरौं भन्ने मूल नाराका साथ पोखरामा ३७ औं विश्व एड्स दिवस मनाइएको छ ।

स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको आयोजनामा तथा गण्डकी प्रदेशमा एचआइभी एड्स तथा यौनरोग नियन्त्रणका क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा विविध कार्यक्रम गरी दिवस मनाइएको हो ।

पोखराको बसुन्धरापार्कमा मूल समारोह आयोजना गरिएको थियो । कार्यक्रममा बोल्दै स्वास्थ्य निर्देशनालयका महानिर्देशक डा खिम बहादुर खड्काले जनस्वास्थ्यका क्षेत्रमा सरकारले संचालन गरेका कार्यक्रममध्ये एचआईभी एड्स नियन्त्रण कार्यक्रम अत्यन्त सफल भएको बताउनुभयो । जिल्ला स्वास्थ्य कार्यालय कास्कीका प्रमुख रामबहादुर नेपाली संक्रमितलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सरकारले प्रयास गरिरहेको बताउनुभयो ।

राष्ट्रिय एड्स महासंघका केन्द्रीय सचिब मनोज गुरुङले संक्रमितहरुमा हुने गरेको भेदभाब र लान्छना अन्त्यका लागि सबै नागरिकमा जनचेतना फैलाउनुपर्ने कुरामा जोड दिनुभयो । नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले सन् २०३० सम्म एचआइभी मुक्त समाज निर्माणका लागि सबैको सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो ।

दिवसको सन्दर्भमा जनप्रतिनिधिमा एचआइभी सम्वन्धी अभिमुखीकरण, अति विपन्न सिएबिए बच्चाहरुलाई न्यायो कपडा वितरण, जुम्बा कार्यक्रम, जनचेतनामूलक सामग्री प्रशारण, एसटिआई र भिआइए क्याम्प, मैनवत्ति प्रज्वलन जस्ता विविध कार्यक्रम गरिएको स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य अधिकृत कमल रानाभाटले जानकारी दिनुभयो ।

# एसिया कप क्रिकेटमा नेपाल बङ्गलादेशसँग पराजित

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

संयुक्त अरब इमिरेट्स (युएई)मा जारी उन्नाइस वर्षमुनि (यु-१९) को एसिया कप क्रिकेट प्रतियोगितामा नेपाल बङ्गलादेशसँग पराजित भएको छ ।

दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा आइतबार भएको खेलमा नेपाल बङ्गलादेशसँग पाँच विकेटले पराजित भएको हो । योसँगै नेपालले प्रतियोगितामा लगातार दोस्रो हार बेहोरेको छ । यसअघि भएको पहिलो खेलमा नेपाल श्रीलङ्कासँग पराजित भएको थियो । नेपालले जितका लागि दिएको एक सय ४२ रनको लक्ष्य पच्छ्याएको बङ्गलादेशले २८ दशमलव चार ओभरमा पाँच विकेट गुमाएर पूरा गर्यो । बङ्गलादेशका लागि ओपनर जबार अबररले सर्वाधिक ५९ रनको योगदान दिए । उनले ६५ बलमा पाँच चौका र चार छक्काको सहयोगमा ५९ रन बनाएका हुन । यस्तै, कप्तान मोहम्मद हाकिमले ७२ बलमा दुई चौका र तीन छक्काको सहयोगमा ५२ रन जोडे । मोहम्मद फरिदले १३ रन जोडे । नेपालका लागि युवराज खत्रीले चार विकेट लिए भने हेमन्त धामीले एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपाल ४५ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै एक सय ४१ रनको योगफल बनाएको थियो । यस्तै ओपनर आकाश त्रिपाठीले ७७ बलमा सर्वाधिक ४३ बनाए । उत्तम थापा र अभिषेक तिवारीले समान २९/२९ रन जोडे । त्यसबाहेक अन्य नेपाली खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

बङ्गलादेशका लागि अल फहाद, मोहम्मद इकबाल हसन इमोन र रिजन हुसेनले समान दुई/दुई विकेट लिए । यसैगरी, साद इस्लाम, मोहम्मद रफी उज्जामान र मोहम्मद अजिजुल हाकिमले समान एक-एक विकेट लिए । यस जितसँगै बङ्गालादेशको भने यो लगातार दोस्रो जित हो । बङ्गलादेशले पहिलो खेलमा अफगानिस्तानलाई हराएको थियो । नेपालले समूह चरणको तेस्रो तथा अन्तिम खेल यही मङ्सिर १८ गते अफगानिस्तानसँग खेल्नेछ ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# नेपालमा क्रिकेटको महापर्व

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा शनिबारदेखि नेपाल प्रिमियर लिग (एनपीएल) सुरु भएको छ। नेपाली खेलकुद जगतका लागि मात्र होइन नेपाललाई अन्तर्राष्ट्रिय सञ्चार माध्यमबाट चिनाउन सफल भए को छ। यसले देशको एउटा सपनालाई आकार दिएको छ र साकार पारेको छ। विदेशी ४० खेलाडीको सहभागिताले नेपाली खेलाडीलाई हौस्याएको छ। यसपालि नेपालीले विदेशी प्रसिद्ध र उत्कृष्ट खेलाडीहरूसँग खेल्न त पाएका छन्, सँगसँगै अन्तर्राष्ट्रिय लिगहरूको दैलो पनि नेपालीका लागि उघ्रने सम्भावना एनपीएलले दिएको छ। नेपाली क्रिकेटलाई आर्थिक रूपमा बलियो त यो प्रतियोगिताले बनाउँछ नै, अन्तर्राष्ट्रिय स्तरमै प्रसिद्धि कमाउने मौका पनि दिएको छ। झन् क्यानले स्टार स्पोर्टमार्फत यो प्रतियोगिता विश्वभरका क्रिकेटमाझ पुऱ्याएर नेपाली क्रिकेटलाई अन्तर्राष्ट्रियकरण गरेको छ।

भारतले सन् २००७ मा इन्डियन प्रिमियर लिग (आइपिएल) सुरु गरेपछि त्यसले बहुआयामिक प्रभाव पाऱ्यो। त्यसको सिको सबैतिर हुन थाल्यो। त्यही क्रममा नेपाल क्रिकेट संघ (क्यान) द्वारा एनपिएलको सुरुवात नयाँ महापर्व हो। पहिलो संस्करण शनिबार सुरु भएसँगैको उत्साह व्यापक छ। लिगका सबै टिकट दर्शकका निम्ति छोप पनि भएनन्। समयमै बिक्री भए।दर्शक र प्रहरी भिडले च्यापिएर घाइते हुन पुगे। व्यवस्थापनको कमजोरीले गर्दा भएको अव्यवस्था हटाउन जरुरी छ। यो लिग प्रतियोगिता सिङ्गल राउन्ड रोबिन, इलिमिनेटर र क्वालिफायर हुँदै पुस ६ गते च्याम्पियनको छिनोफानो हुने छ। पहिलो चोटि भए पनि एनपिएलले विश्वव्यापी चर्चा पाएको छ।

आइपिएलले व्यापक चर्चा पाएपछि विश्वका धेरै देशमा क्रिकेट लिग प्रसार भयो। यो विश्वव्यापी अवधारणाबाटै प्रभावित भएर एनपिएल भव्य बनाउन क्यानले असाध्य धेरै मेहनत गरेको छ। धेरै धनराशि खर्च गरेर विश्वस्तरीय विदेशी क्रिकेटरको राम्रै सङ्ख्या नेपाल ल्याएको छ। स्टार स्पोर्ट्स जस्तो सुप्रसिद्ध च्यानलले प्रत्यक्ष प्रसारण गरेको यो प्रतियोगिताले नेपालको नाम विश्वभर फैलिएको छ। यही अवसरमा नेपालको खेल पूर्वाधारसमेत विस्तार भएको छ। त्रिभुवन विश्वविद्यालयको कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानको स्तरोन्नति यही अवसरमा भयो। नेपालीको मनमनमा क्रिकेटको 'क्रेज' मा यही एनपिएलबाट अझ बढोत्तरी आउनु सुखद भविष्यको सङ्केत हो।

यसको प्रमुख उद्देश्य घरेलु क्रिकेटरलाई स्टार विदेशी खेलाडीसहितको ठुलो प्रतियोगिताको अनुभव दिलाउने नै हो। नेपाली क्रिकेटरले एनपिएलबाट अन्तर्राष्ट्रिय 'प्लेटफर्म' पाउन मद्दत गर्छ। नेपालले भाबी दिनमा विदेशी पिचमा पाउने सफलतालाई समेत सङ्केत गर्छ। एनपिएलको आरम्भिक यो संस्करणमा देशभित्रका धेरै टिमले उदाउने मौका पाउने छन्। सुदूरपश्चिम रोयल्स, काठमाडौँ गुर्खाज, चितवन राइनोज, विराटनगर किङ्स, जनकपुर बोल्ट्स, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स र कर्णाली याक्स जोडिएका छन्। यसले देशभित्र क्रिकेटको भौगोलिक विस्तारलाई समेत प्रतिविम्बित गरेको छ। हरेक टोलीमा कम्तीमा चार र बढीमा छ विदेशी खेलाडी आबद्ध गर्न पाउने प्रावधानको उपयोग भएको छ।

क्यानका अनुसार १६ देशका ४० विदेशी खेलाडी एनपिएलमा आबद्ध छन्। जसमध्ये भारतका शिखर धवन, न्युजिल्यान्डका मार्टिन गुप्टिल, जिमी निसम, स्कट कुगलेन, इङ्गल्यान्डका रवि बोपारा, अस्ट्रेलियाका बेन कटिङ, वेस्ट इन्डिजका चाड्विक वाल्टन चर्चित खेलाडी एनपिएलमा सहभागिता हुँदा नेपाली खेलाडीले खेलस्तर सुधार्नसमेत अवसर पाउने छन्। प्रत्येक खेलाडीले कम्तीमा दुई लाखदेखि २० लाख रुपियाँसम्म पाउने हुँदा खेलाडीको आर्थिक जीवन उज्यालो हुँदै जाने छ। सिद्धार्थ बैङ्कले प्रमुख आयोजकमा लिएको जिम्मेवारी अरू धेरै संस्थाका निम्ति सकारात्मक सन्देश हुने छ।

# संस्कृति प्रवर्द्धनमा जुट्दै मगर समुदायका महिला

**पोखरापत्र संवाददाता**
गोरखा, १६ मंसिर

गोरखा नगरपालिका-८, आमडाँडास्थित कुनबारीका मगर समुदायका महिला आफ्नो समुदायको संस्कृति र परम्पराका सरंक्षणमा जुटेका छन्।

मगर समुदायको वेशभूषा, संस्कृति र परम्परा जोगाउनका उनीहरू समूहमार्फत पहल सुरु गरेको आमाडाँडा महिला समूहकी अध्यक्ष बेली थापामगरले जानकारी दिनुभयो।

"मगर समुदायको संस्कार र संस्कृति जीवन्त राख्न अहिले मगर जातिको सोरठी, कौह्रा, झ्याउरे नृत्य पछिल्लो पुस्तालाई सिकाउने थालिएको छ", उहाँले भन्नुभयो, "त्यसबाहेक जन्म, मृत्यु र विवाहलगायतका कर्मकाण्डलाई पनि आफ्नै परम्पराअनुसार नै गर्नका लागि सिकाइको प्रक्रियालाई अगाडि बढाइएको छ।" गोरखा सामुदायिक सिकाइ केन्द्र र वडाको सहयोगमा स्थानीय मगर समुदायको मूर्त तथा अमूर्त संस्कृतिको संरक्षण एवं पुस्तान्तरणका लागि महिलाले काम गरिरहेको अध्यक्ष थापामगरले बताउनुभयो। "मगर जातिका महिला र पुरुषले लगाउने परम्परागत पोसाकबारेमा पछिल्लो पुस्तालाई थाहा हुन छोडिसक्यो", उहाँले भन्नुभयो, "यसलाई जोगाउन र पुस्तान्तरणका जरुरी छ, हामीले त्यो काम पनि सुरु गरेका छौं।"

गोरखा सामुदायिक सिकाइ केन्द्रले मगर समुदायका महिलालाई संस्कृतिका संरक्षणमा सहयोग पुऱ्याउन मादल, झ्ुर्मालगायतका परम्परागत वाद्य सामग्री सहयोग गर्दै आएको छ। "पछिल्लो समय जातजातिका आफ्ना मौलिक संस्कृतिको संरक्षण हुनै सकेको छैन, नत संस्कृतिको पुस्तान्तरण नै हुने गरेको छ", केन्द्रका अध्यक्ष विशेश्वर कट्टेलले भन्नुभयो, "संस्कृतिको पुस्तान्तरण र पुस्ता हस्तान्तरणको दूरी कम गर्न सिकाइ केन्द्रमार्फत महिलाले काम गर्न थालेका छन्।"समूहले मगर जातिका युवायुवतीलाई आफ्नो संस्कार र संस्कृतिको बारेमा जानकारी दिन सकेमात्र मौलिक संस्कृति र परम्पराको पुस्ता हस्तान्तरण गर्न सकिने उहाँको भनाइ छ। आमडाँडाका मगर समुदायका महिलाले संस्कृति जर्गेनासँगै स्थानीय रैथाने जातको बालीनाली संरक्षण र प्रवर्द्धनमा काम गर्दै आएका छन्।

# कोपिला नेपालको यातना पिडितका सवालमा अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर



कोपिला नेपालको आयोजनामा यातना पिडितका सबालमा सरोकारवालाहरूको भुमिका बिषयक जिल्ला स्तरिय अन्तरक्रीया कार्यक्रम आइतबार सम्पन्न भएको छ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्धाटन गर्नुभएको थियो। पौडेलले यातना पिडितहरूका समस्या सम्बोधन गर्न राज्य का निकाय उदाशिन हुन नहुने भन्दै उनीहरुको पुनर्स्थापना र सहयोगमा तिनै तहका राज्यका निकायहरूलाई नीति तथा कार्यक्रम तयार गर्न अनुरोध गर्नुभयो। सरोकारका बिषयमा भएका कानुनी र ब्यबहारिक जटिलता तत्काल सम्बोधन गरेर इमान्दारीताका साथ सबै लाग्नु पर्ने पौडेलको भनाइ थियो।

प्रमुख पौडेलले यातना पिडितका मानसिक समस्यालाई उपचार गर्ने सन्दर्भमा आफुले विभिन्न तहका सरकारलाई पटक पटक ध्यानाकर्षण गराएको उल्लेख गर्दै गण्डकी प्रदेशमा सुबिधा सम्पन्न अस्पताल बनाउन गत आर्थिक बर्षमा जिल्ला सभा मार्फत पालिकाहरू सहित प्रदेश र संघ सरकारलाई आग्रह गरिएको बताउनुभयो। यातना पीडित महिला तथा बालबालिकाहरूको पुनर्स्थापनाका लागि पोखरा महानगर वडा न ३३ को आमाचौरमा निर्माणाधिन पुनर्स्थापना केन्द्र अलपत्र परेको उल्लेख गर्नुभयो।राज्यको करोडौं रुपैयाँ खर्च भैसकेको उक्त केन्द्र संचालन गर्न जिल्ला समन्वय समितिबाट पटक पटक प्रदेश सरकार र पोखरा महानगरको ध्यानाकर्षण गरायौं तर तीन बर्ष देखि बिनियोजित बजेट समेत उपयोग हुन सकेन पौडेलले उल्लेख गर्नुभयो। उक्त पुनर्स्थापना केन्द्र तत्काल संचालनको बाताबरण बनाउनेतर्फ केन्द्रीत हुन पौडेलले आग्रह गर्नुभयो।

कार्यक्रममा यातना पिडित समाज गण्डकी प्रदेशका उपाध्यक्ष भरतमणी भट्टराईले आफुहरूका सरोकारका बिषयमा सरकार थप गम्भीर र जवाफदेही हुनुपर्ने उल्लेख गर्नुभयो। र्यक्रममा कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बराल, स्वास्थ कार्यालय कास्कीका प्रमुख राम बहादुर नेपाली, गैर सरकारी संस्था महासंघ कास्कीका अध्यक्ष डाक्टर बुद्धि बहादुर थापा, इन्सेक गण्डकी प्रदेश प्रमुख शिव खकुरेल, राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश पोखराका अधिकृत टंक खनाल, पोखरा महानगर पालिकाका बालकल्याण अधिकारी बेलकुमारी गुरुङ सहितले आ-आफ्नो भनाइ राख्नुभएको थियो। यातना पीडित समाज कास्कीका अध्यक्ष जयकृष्ण पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कोपिला नेपालका कार्यकारी निर्देशक बिना सिलवालले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो भने संचालन कोपिला नेपालका कार्यक्रम संयोजक तिर्थ थापाले गर्नुभएको थियो।

# बुल्दीखोलामा निर्माणाधीन पुल ५० प्रतिशत सम्पन्न

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ मंसिर

जिल्लाको व्यास नगरपालिका-१ र २ जोड्नेगरी कराङकाठ-बसपार्क जाने बुल्दीखोलामा सवारीसाधन सञ्चालन गर्न मिल्नेगरी पुल निर्माण सुरु भएको छ।

व्यास नगरपालिकाको समपूरक योजनाअन्तर्गत रु छ करोड ११ लाख तीन सय २४ लागतमा निर्माणाधीन उक्त पुलको ५० प्रतिशत बढी भौतिक प्रगति भएको हो। पुल २५ मिटर लम्बाइ र आठ दशमलव ४० मिटर चौडाइको हुनेछ। पुल बनेपछि आवागमन सहज हुनुका साथै खोला किनारका करिब एक सय घर संरक्षणमा सहयोग पुग्ने सामुदायिक टोल विकास संस्था कराङकाठ बसपार्कका अध्यक्ष सोमनाथ पौडेल बताउनुभयो। हाल पुल निर्माण गरिएको स्थान नजिक कजवेबाट (पाइप राखेर बनाइएको अस्थायी संरचना) सवारीसाधान आवतजावत हुँदै आएको थियो। वर्षायामको समयमा खोलामा बाढी आउँदा कजवेबाट पानी निकासा हुन नसक्दा खोला आसपासका बस्तीमा पानी पसेर क्षति हुने गरेको थियो। आगामी भदौ २२ गतेभित्र सम्पन्न गर्नेगरी निर्माण कम्पनी ज्वालामुखी कन्स्टक्सनसँग सम्झौता भएको व्यास नगरपालिकाका योजना शाखा अधिकृत भेषराज तिवारीले बताउनुभयो। कम्पनीले गत वैशाखदेखि निर्माणलाई निरन्तरता दिएकाले छोटो अवधिमा उल्लेख्य प्रगति हासिल भएको उहाँको भनाइ छ। "सम्झौता अवधि भन्दा अगावै सम्पन्न गर्ने अपेक्षा गरिएको छ", शाखा अधिकृत तिवारीले भन्नुभयो, "निर्माण कम्पनीले फागुनभित्र सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन्।" सम्झौता अगावै निर्माण सम्पन्न गरेमा नगरपालिकाले पुरस्कृत गर्ने योजना बनाएको उहाँले बताउनुभयो।

# शुक्लागण्डकी कोटिहोम-२०८१ को तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर



पोखरा महानगरपालिका वडानम्बर १५ ढुङ्गेसाँघु, पट्नेरीमा हुने गण्डकी प्रदेशकै पहिलो ऐतिहासिक शुक्लागण्डकी कोटिहोम-२०८१ को तयारी पुरा भएको छ।

कोटिहोमको सोमबार गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले उद्घाटन गर्ने कार्यक्रम तय भएको छ।

अन्नपूर्णेश्वर शिवालय शिवशक्ति धाम तथा बृहत्तर धार्मिक क्षेत्र विकास समितिको आयोजनामा मंसिर १७ देखी २७ गतेसम्म कोटिहोम हुन लागेको हो। ढुङ्गेसाँघु, पट्नेरी शुक्लागण्डकी (सेती नदी) को तटमा आयोजना गरिएको कोटिहोम स्थलमा आवश्यक भौतिक संरचना निर्माण गरि भब्य सजावट गरिएको छ। कोटिहोम उद्घाटन पहिले बिहान १० बजे पोखरा महानगरपालिका वडानम्बर १५ कार्यालय अगाडीबाट कलश यात्रा सुरु हुने धामका अध्यक्ष मदन गिरीले जानकारी दिए। वडा कार्यालय अगाडीकबाट सुरु हुने कलश यात्रा राधोराधे मन्दिर, रामबजार, घलेचोक, टुटुङ्गा, नयाँगाउँ, बनक्याम्पस, किन्तपुरचोक, ढुङ्गेसाँघु चोक, हुदैं पट्नेरी धाममा पुग्नेछ, गिरीले भने।

दिउँसो १ बजे प्रदेश प्रमुख भट्टले कोटिहोमको उद्घाटन गर्ने छन्। कोटिहोमका प्रमुख बाचक, धामका संरक्षक, यज्ञ संकल्पकर्ता शोभाकान्त ढकाल पोखरा आइसकेका छन्। कोटिहोममा १५ भन्दा बढि बाचकलाई निम्ता गरिएको आयोजकले जनाएको छ। धाममा १०८ शिवलिङ्ग, १०८ गौमुखी धारा, सेती नदीसम्म स्थानका लागि पुग्न १०८ सिँढी, जेष्ठनागरिक मिलन केन्द्र स्थापना गर्ने उदेश्यका साथ कोटिहोमको आयोजना गरिएको समितिका उपाध्यक्ष राजकुमार बरालले जानकारी दिए।

# कास्की बचत तथा ऋण सहकारी संघको रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर



कास्की बचत तथा ऋण सहकारी संघको २४ औं स्थापना दिवसको अवसरमा आइतवार आयोजित खुल्ला रक्तदान कार्यक्रममा ३४ युनिट रगत संकलन भएको छ।

संघको आयोजन र रक्तसञ्चार केन्द्र पोखराको प्रविधिक सहयोगमा आयोजित कार्यक्रममा सहकारी रजिष्ट्रारको कार्यलय गण्डकी प्रदेशका रजिष्ट्रार भेषराज रिजालले संस्थापक अध्यक्ष नारायण शर्मा र संघका राष्ट्रिय प्रतिनिधि बर्षा केशव पराजुलीलाई वल्ड व्याग हस्तान्तरण गरि उद्घाटन गर्नभयो। रिजालले सहकारी मुल्य मन्यता र सिद्धान्त मुताविक सहकारी ऐन नियमवली अनुसार संस्था सञ्चालन गर्नुपर्नेमा जोडदिनु भयो। नियमविपरित सञ्चालनमा रहेका सहकारीहरुलाई कानुनी दायरमा ल्याउन जुनसुकै कदम चाल्न पछि नर्पे, नियम विपरीत रहेका केहि सहकारीहरुलाई सहकारी ऐन नियममा रहन निरन्तर ताकेता गरेको समेत उल्लेख गर्नुभयो।

कार्यक्रममा संस्थाका निर्वतमान अध्यक्ष भेषराज बराल,पोखरा महानगर सहकारी समिति अध्यक्ष रविरमण तिवारी, नेफ्सकुन संचालक कमला गिरि लगायतले सहकारीको पछिल्लो अवस्था बारे चिन्ता व्यक्त गरेका थिए। संघका उपाध्यक्ष एवं कार्यवाहक अध्यक्ष ईश्वर प्रसाद सुबेदीको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत कोषाध्यक्ष केशवशरण पौडेलले र संचालन संघका सचिव मिनराज तिमाल्सिनाले गर्नुभएको थियो।



# एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश, तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं ७ बस्ने भारतीय भु.पु.सै.नं ५३४७६२३एच. दर्जा नायक, पल्टन ३/४ जि.आर. का कर्ण बहादुर गुरुङको एकमात्र श्रीमती पुर्ण माया गुरुङको नागरिकता प्रमाणपत्रमा नामथर पुर्ण माया गुरुङ उल्लेख भएको तर श्रीमान्‌को भारतीय पेन्सन अभिलेखमा नामथर ठग माया गुरुङ उल्लेख भई नामथर फरक परेता पनि व्यक्ति एउटै भएको भनी व्यास नगरपालिका ७ नं. वडा कार्यालयको च.नं. ४५९, मिति २०८१।०८।१२ को पत्रबाट लेखी आएकोले सोही पेन्सन प्रयोजनार्थ सोही व्यहोरा जानकारीका लागि अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**





# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# धार्मिक पर्यटनलाई जोड्दै पञ्चकोट

**वासुदेव पौडेल**
गण्डकी, १६ मंसिर/रासस

“मालढुङ्गा कटेसी घुम्ती घुम्ती रोड
आहा क्या राम्रो बाग्लुङ पञ्चकोट ।”

पछिल्लो समयमा पोखरा र आसपासका क्षेत्रमा चर्चित गीत हो यो । गीतले भनेजस्तै केही वर्षयता बागलुङस्थित सर्वसिद्धिधाम पञ्चकोट गण्डकी प्रदेशका महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्यमध्येमा रोजाइमा पर्दै आएको छ । बागलुङ बजारबाट उत्तर–पश्चिमतर्फ छ किलोमिटरको दूरीमा रहेको यो स्थानबाट अन्नपूर्ण, धवलागिरि, निलगिरि आदि हिमशृङ्खला एकसाथ अवलोकन गर्न सकिन्छ ।

बागलुङको ताराजालकोट, राबराकोट, माझकोट, कारिकोट र संसारकोट यहाँका ऐतिहासिक कोट हुन् । नेपालका बाइसे चैबीसे राजाका पालादेखि नै अस्तित्वमा आएका यी कोटको सङ्गमस्थलका रूपमा पञ्चकोटले चासो र चर्चा कमाएको छ । यस क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यका साथ २०७१ फागुन १ गतेदेखि १५ गतेसम्म महायज्ञ गरिएको थियो । उक्त महायज्ञका क्रममा तत्कालीन प्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति सुशील कोइराला, हालका प्रधानमन्त्री केपी शर्मा ओलीले फागुन ९ गते विश्व शान्ति कलशसहितका संरचना निर्माणका लागि सामूहिक रूपमा शिलान्यास गर्नुभएको थियो । त्यसयता यो स्थल यस क्षेत्रकै प्रसिद्ध धामका रूपमा विकास भएको छ ।

एक दशककै अन्तरालमा यस स्थानमा बनेका सिसैसिसाको महल (सिसमहल), गण्डकी माताको मन्दिर, यज्ञशाला, हनुमानको विशाल मूर्तिलगायतका धार्मिक संरचनाका कारण देशका विभिन्न स्थानका धार्मिक पर्यटक आकर्षित बन्दै गएका छन् । मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलानयनाचार्यको परिकल्पनामा निर्मित यस स्थानमा महायज्ञबाट सङ्कलित रकमका साथै विभिन्न दाताको सहयोग एवं सरकारबाट भएको करोडौँको लगानीले यहाँको स्वरुप नै परिवर्तन भएको छ । धवलागिरिलगायतका हिमालसँगै कालाञ्जर पर्वत आदिसँग सिधै आँखा जुधाउन सकिने यो स्थल समुद्री सतहबाट एक हजार सात सय ५० मिटरको उचाइमा रहेको विश्वशान्ति सर्वसिद्धिधाम पञ्चकोट विकास परिषद्का कार्यालय सचिव रामबहादुर क्षेत्रीले बताउनुभयो । एक दशककै अन्तरालमा यहाँका अग्लो भिरालो पहाड विशिष्ट धार्मिक गन्तव्यमा परिणत बनेको



बताउँदै उहाँले यसले मुक्तिनाथ दामोदरकुण्डदेखित्रिवेणीधामसम्मका धार्मिक पर्यटकलाई यस तीर्थस्थलले जोडिरहेको बताउनुभयो । हिमालपारीको जिल्ला मुस्ताङको मुक्तिनाथ, दामोदरकुण्ड, बागलुङको बागलुङ कालिका, म्याग्दीको गलेश्वर धामलगायत तीर्थस्थलमा दर्शनका लागि आएका दर्शनार्थीले नछुटाउने गन्तव्यका रुपमा पञ्चकोट पर्ने गरेको उहाँले जानकारी दिनुभयो । यहाँ निर्मित पञ्चमहालक्ष्मी मन्दिर, विशाल हनुमान मूर्ति, शिखर शैलीमा निर्मित गण्डकीमाताको मन्दिर, गणेश मन्दिर, सिसमहल, पाँच हजार पाँच सय किलोको घण्टा, गरुडारुढ नारायण(गरुड शिला), सिंह गुफा, ध्यान कुटी आदि महत्वपूर्ण आकर्षणका रुपमा स्थापित बनेको उहाँको भनाइ छ । यहाँको करिब ९० रोपनी क्षेत्रफललाई समेटेर धार्मिक धामको रुपमा विकास गर्न खोजिएको छ ।

दर्शनार्थीको बढ्दो आगमनसँगै यस तीर्थस्थलमा विभिन्न दान सहयोग पनि बढ्ने क्रममा रहेको छ । अघिल्लो वर्ष दानपेटिकामा मात्रै रु १५ लाख ५० हजार दान सहयोग जम्मा भएको थियो भने पर्यटकलाई लक्षित गरी निर्माण गरिएको सिस महलको अवलोकनबाट रु २१ लाख ५० हजार सङ्कलन भएको थियो । त्यस्तै धाम परिसरमा सञ्चालन गरिएको हनुमान झुलामा रमाउने पर्यटक वापत वार्षिक आठ लाख रुपैयाँसम्म आम्दानी हुने गरेको उहाँको भनाइ छ । मन्दिरमा हाल तीन पुजारी एवं आठ कर्मचारी छन् । पञ्चकोट धामको सरसफाइ, कर्मचारी व्यवस्थापनलगायतमा मासिक पाँच लाख रुपैयाँसम्म खर्च हुने गरेको थापाले जानकारी दिनुभयो ।

**एक अर्बको हाराहारीमा लगानी, १३५ फिट अग्लो विश्वशान्ति कलश बन्दै**

पञ्चकोटमा हालसम्म विभिन्न पूर्वाधार निर्माणमा करिब एक अर्बको हाराहारीमा लगानी भैसकेको विश्वशान्ति सर्वसिद्धिधाम पञ्चकोट विकास परिषद्का अध्यक्ष जगन्नाथ आचार्यले जानकारी दिनुभयो । रु ५० करोडको लागतमा १३५ फिट अग्लो विश्व शान्ति कलशलगायतको निर्माणका उद्देश्य राखी पञ्चकोटमा ब्रम्हाण्डीय महायज्ञसमेत सञ्चालन गरिएको थियो । उक्त महायज्ञबाट रु १२ करोड दान तथा सहयोग प्राप्त भएकामा करिब चार करोड १५ लाख रुपैयाँ खर्च भएको थियो । कलश निर्माणका लागि अघिल्लो वर्ष संघ सरकारबाट २० करोड रुपैयाँ विनियोजन भएपनि पछि उक्त रकम अन्यत्र नै रकमान्तर गरिएको आचार्यले बताउनुभयो ।

यस वर्ष कलश निर्माणका लागि रु दुई करोड ८५ लाख विनियोजन भएको उल्लेख गर्दै उहाँले यस योजनालाई बहुवर्षीयअन्तर्गत राख्नका लागि पहल भैरहेको बताउनुभयो । विभिन्न १३ तल्ला संरचनामा निर्माण हुने उक्त कलशको सबैभन्दा माथि विश्वभरका तीर्थस्थलको जल राखिनेछ भने अन्य तल्लामा आवश्यकताअनुसार विभिन्न देवीदेवताका मूर्ति, चारधामलगायतका तीर्थस्थलहरूको झल्को दिने संरचनाहरू तयार गरिने बताइएको छ । त्यस्तै एक तल्लामा सबै गोत्रीय ऋषिहरूका मूर्तिहरू राखिनेछ ।

सङ्घअन्तर्गत शहरी विकास मन्त्रालयबाट यसै आर्थिक वर्षमा फूल प्रसाद राख्ने स्थानका लागि एक करोड रुपैयाँ विनियोजन भएकामा उक्त योजना सञ्चालनका लागि बोलपत्र प्रक्रियामा लैजाने तयारी गरिएको अध्यक्ष आचार्यले जानकारी दिनुभयो । कार्यालय प्रमुख क्षेत्रीका अनुसार यहाँस्थित अतिथि आवासमा सुविधासम्पन्न स्नानकक्षसहितका पाँच वटा कोठा सहित दैनिक १५० जना व्यक्तिलाई राख्न सकिने संरचना रहेको छ । यस धामअन्तर्गत नै एक वर्षयता कन्या गुरुकुल सञ्चालनमा आएको छ । उक्त गुरुकुलमा हाल १७/१८ जना कन्या अध्ययन गरिरहेका छन् । त्यस्तै यस धामअन्तर्गत नै सञ्चालनमा आएको गौशालामा हाल स्थानीय जातका ६० वटा गाईपालन समेत भैरहेको उहाँले जानकारी दिनुभयो । पञ्चकोटमा सामान्यतः सबै दिनजसो नै दर्शनार्थीहरू आउने गरेको पञ्चनारायण मन्दिरका पुजारी कुमार आचार्यले बताउनुभयो । विभिन्न तिथि, पर्व विशेषका साथै सार्वजनिक विदाका दिनमा ठूलै संख्यामा दर्शनार्थी तथा पर्यटक आउने गरेको उहाँको भनाइ छ । धार्मिक दृष्टिका साथै यहाँको दृश्यावलोकनका लागि टाढाटाढाबाट दर्शनार्थी आउने गरेका कारण त्यसले समग्र बागलुङको पर्यटनमा समेत टेवा पुगेको स्थानीयवासी बताउँछन् । टाढाटाढाबाट आउने गरेका पर्यटकहरू यहाँ निर्मित संरचनाका साथै यहाँबाट देखिने दृश्यावलोकनले मोहित हुने गरेका छन् । पञ्चकोटका बारेमा यस अघि विभिन्न सामाजिक सञ्जालबाट देखेसुनेको बताउनुहुने तनहुँ ढोरफिर्दीका युवा प्रकाश भट्टराई आफू मङ्सिरको पहिलो साता पारिवारिक भ्रमणका क्रममा पञ्चकोट पुगेको अनुभव सुनाउनुभयो । यसअघि सामाजिक सञ्जालमा देखे सुनेको पञ्चकोटमा त्यहाँ पुगेपछि छुट्टै किसिमको रमाइलो अनुभूति गरेको उहाँले बताउनुभयो । “पञ्चकोटको भूबनोटलाई उपयोग गरी बनाइएका संरचना र यहाँ भैरहेको पर्यटकीय विकास हाम्रा देशका धेरै स्थानका लागि प्रेरणाका स्रोत पनि हुन्”, उहाँले भन्नुभयो, “पोखरा पर्यटनको राजधानी भैसकेको अवस्थामा बृहत पोखराको अवधारणाका साथ समग्र गण्डकी प्रदेशको पर्यटकीय विकासका लागि पञ्चकोटजस्ता गन्तव्यहरूको प्रवर्द्धनमा राज्यले पनि चासो दिनु आवश्यक छ ।”

**कालीगण्डकी सभ्यता र शालिग्रामको महत्व बुझाउन गण्डकी सभा**

कालीगण्डकी सभ्यता र शालिग्रामको महत्वबारे बुझाउन पञ्चकोटमा प्रत्येक महिनाको पहिलो शनिबार गण्डकी सभा सञ्चालन भैरहेको अध्यक्ष आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार गण्डकी सभाका प्रत्येक संस्करणमा विभिन्न विशिष्ट व्यक्तित्वलाई बोलाएर कालीगण्डकी सभ्यता र शालिग्रामको महत्व सम्बन्धमा विशेष छलफल एवम् अन्तरक्रिया गरिएको छ । “हालसम्म ३२ औँ संस्करणको गण्डकी सभा सम्पन्न भइसकेको छ”, उहाँले भन्नुभयो, “आगामी दिनमा कालीगण्डकी सभ्यतासँग जोडिएका नदी किनारस्थित म्याग्दी, पर्वत, स्याङ्जालगायतका स्थानका विभिन्न गन्तव्यमा पुगी सभाका कार्यक्रम सञ्चालन गर्ने हाम्रो दीर्घकालीन सोच छ ।” विश्वमा नै यहाँ मात्रै पाइने शालिग्रामको महत्वसँगै कालीगण्डकीको महिमा र गरिमालाई प्रचार गर्न सकेमा यसैका माध्यमबाट समग्र गण्डकी प्रदेश समृद्ध बन्न सक्ने उहाँले बताउनुभयो । त्रिवेणीदेखि मुक्तिनाथ हुँदै दामोदरकुण्डसम्म दर्शनका लागि आउने भारतीय पर्यटकका लागि यसको महिमा र गरिमालाई बुझाउन सकेमा देशको समृद्धिमा महत्वपूर्ण टेवा पुग्न सक्ने उहाँको भनाइ छ ।

# हेरालोको साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर

हेरालो प्रतिष्ठान कास्की, पोखराले स्थापना दिवसको अवसर पारेर १९औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

स्याङ्जाको फेदिखोला १ स्थित अयेरपानी सामुदायिक होमस्टेमा भएको साधारण सभाको शुभारम्भ गर्दै संस्थाका पुर्व अध्यक्ष एवं रजत महोत्सव मूल आयोजक समितिका संयोजक निरज थापाले विभिन्न परिवेशका कारण बिचमा केहि सुस्ताए जस्तो देखिएता पनि नेतृत्व परिवर्तनसँगै बनेको नयाँ टिमले छोटो समयमा राम्रो काम गरेकोमा खुसी व्यक्त गर्दै आउने दिनमा अझ सक्रियतापूर्वक लाग्न सबैलाई अनुरोध गरे । बिशेष अतिथि पोखरा १३ का पुर्व वडाध्यक्ष राजन गुरुङले आफू वडा अध्यक्ष हुनेताका नै वातावरणको क्षेत्रमा काम गर्ने उत्कृष्ट संस्था भनेर नगरपालिकाबाट हेरालोलाई पुरस्कृत गरिएको स्मरण गर्दै



राम्रो संस्थासँग जोडिन पाएकोमा आयोजक प्रति आभार व्यक्त गरे । स्थापना दिवसको उपलक्ष्यमा एक आपसमा शुभकामना आदानप्रदान गरिएको सभामा सबैलाई शुभकामना दिदै अध्यक्ष धनराज पुरीले प्रत्यक्ष उपस्थित हुन असमर्थ स्वदेश तथा बिदेशमा रहने सदस्यहरुबाट समेत शुभकामना प्राप्त भएको जानकारी गराए । छेउघरे होमस्टेका संचालक एवं हेरालोका निवर्तमान अध्यक्ष झम गुरुङले आफ्नो गाउँघर आएकोमा स्वागत गर्दै होमस्टे गाउँको मुहार फेर्न सहयोग पुगे अपेक्षाका साथ आफुहरु लागिपरेको बताए । सचिव, कोषाध्यक्ष र लेखा परीक्षकको प्रतिवेदन पारित गरेको सो सभामा पुर्व अध्यक्ष योगेन्द्र शेरचन, उपाध्यक्ष भेष बहादुर गुरुङ, सचिव तिलक थापा, कोषाध्यक्ष उमाकान्त पराजुली, सहसचिव दिपक भट्टराई सहित सदस्यद्वय पुजा शाह र याम बहादुर रानाभाटले पनि मन्तव्य राखेका थिए ।

# समाज सेवामा लायन्स अगाडि- प्राडा भण्डारी

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर



पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. दीपक बहादुर भण्डारीले लायन्सले समाज सेवामा ठुलो योगदान दिएको बताएका छन् ।

लायन्स इन्टरनेशनल डिष्ट्रिक ३२५ एल नेपालको दोस्रो क्याबिनेट बैठक तथा सम्मान समारोहमा प्रा.डा. भण्डारीले लायन्सले समाज सेवामा ठुलो योगदान दिएको बताए । उनले लायन्स भनेको पहिलो आफुलाई सामान्य संस्था जस्तो लागेपनि बुझ्दै जाँदा ठुलो संस्था रहेको बताए । उनले लायन्सले आखाँ उपाचार र समाज सेवामा ठुलो योगदान दिएको बताए ।

कार्यक्रममा डिष्ट्रिक गभर्नर सुमन भट्ट, निर्वतमान डिष्ट्रिक गभर्नर पमेश्वर बराल, पुर्व गभर्नरहरु मनिश्री रत्न ब्रजाचार्य, भुगोल शेरचन, गौतममान श्रेष्ठ लगाएतले लायन्सले गर्न काम गर्दै आएका कामका बारेमा चर्चा गरेका थिए । कार्यक्रममा विभिन्न अवार्ड प्रदान तथा लायन्समा निरन्तर २५ वर्ष सदस्यहरुका करिब १ सय भन्दा बढि जनालाई सम्मान गरेका थिए । लायन्स क्लब अफ मुनालको आयोजना तथा लायन्स क्लब अफ मर्दीको सहआयोजनामा भएको डिस्ट्रिक्ट ३२५ एलको दोस्रो क्याबिनेट बैठकले विभिन्न निर्णय समेत गरेको छ । बैठकले सचिब र कोषाध्यक्षको प्रतिबेदन र विभिन्न तीन वटा अन्तराष्ट्रिय योजनाहरु समेत पास गरेको डिष्ट्रिक एजुकेटिभ चिफ ज्ञानेन्द्रराज कोइरालाले जानकारी दिए ।

त्यसै गरी सदस्यहरुका लागि मोटिभेसनल स्पिच, आयुबेद सम्मबन्धी जानकारी र व्यवसायमा सफलताका कथाहरु सुनाएर प्रशिक्षण दिएको कार्यक्रमका सहसंयोजक राजु अधिकारीले जानकारी दिए । सन् १९१७ मा सिकागोमा सुरुवात भएको लायन्स क्लब संसारभर करिब ५० हजार क्लबहरुमा करिब १४ लाख सदस्य आवद्ध छन् । हाल नेपालमा करिब २ हजार क्लबमा ४५ हजार भन्दा बढि सदस्य आवद्ध छन् ।


## कुकको आवश्यकता

SHINING NEPAL MULTIPURPOSE COMPANY

विज्ञापन नं.: ०१ २०८१।८२

**साइनिङ नेपाल मल्टिप्रपोज (मुनाफा वितरण नगर्ने) कम्पनी**, पोखरा महानगरपालिका वडा नं.१५ नयाँगाउँमा अवस्थित मुनाफा वितरण नगर्ने एक कम्पनी हो । यस कम्पनीबाट पोखरा १५ हरियो खर्कमा संचालन भइरहेको द आर्क क्याफेको लागि योग्य **कुक आवश्यक** परेकोले योग्य नेपाली नागरिकबाट दरखास्तको लागि आह्वान गर्दछौँ ।

**पद: कुक** **संख्या: दुई** **काम गर्ने स्थान: पोखरा**

**कार्य विवरण** : चाइनिज, कन्टिनेन्टल खाना बनाउनुका साथै क्याफेमा काम गर्ने अन्य सहयोगीहरुलाई नेतृत्व प्रदान गर्ने ।

**आवश्यक योग्यता तथा सीप**
- रेष्टुरेन्ट, होटल तथा क्याफेमा कम्तीमा ३ वर्षसम्म कुकको काम गरेको अनुभव भएको ।
- एस.एल.सी. पास गरेको ।
- चाइनिज, कन्टिनेन्टल परिकारहरु बनाउन जानेको । तालिम प्राप्तलाई प्राथमिकतामा राखिनेछ ।
- समुहमा मिलेर काम गर्न सक्ने ।
- आफु अन्तर्गतका काम गर्ने कर्मचारीहरुलाई परिचालन गर्न सक्ने ।
- ग्राहक तथा पाहुनाहरुसँग राम्रो ब्यवहार गर्न जान्ने ।
- कामको चापलाई राम्रो सँग ब्यवस्थापन गर्न सक्ने ।

उल्लेखित पदमा दरखास्त दिन चाहनुहुने महानुभावले मिति २०८१ मंसीर २१ गते बेलुका ५ बजेभित्र यस कार्यालयमा आएर अथवा तल दिइएको इमेलमा बायोडाटा तथा निवेदन पठाउनुहुन अनुरोध छ । सर्टलिस्ट गरिएको आवेदकलाई छनौट प्रक्रियाको लागि सम्पर्क गरिनेछ । तलव कम्पनीको नियमानुसार हुनेछ भने औषधि उपचार विमा, दुर्घटना विमा तथा सामाजिक सुरक्षा कोषको ब्यवस्था समेत गरिनेछ ।

**साइनिङ नेपाल मल्टिप्रपोज(मुनाफा वितरण नगर्ने) कम्पनी**
**हरियो खर्क परिसर, नयाँगाउँ, पोखरा १५ कास्की**
**इमेल ठेगाना:** info@shiningnepal.com
**टेलिफोन नं.०६१-४३४९१६**

छनौट गर्ने नगर्ने सम्पूर्ण अधिकार साइनिङ नेपाल मल्टिप्रपोज (मुनाफा वितरण नगर्ने)कम्पनीमा निहित रहनेछ ।


# सिद्धेश्वर गुफाको प्रवर्द्धन गर्न विस्तृत अध्ययन

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ मंसिर

जिल्लाको म्याग्दे गाउँपालिका–७ पयरेमा अवस्थित नीलकण्ठेश्वर सिद्धेश्वर गुफाको प्रवर्द्धनका लागि विस्तृत अध्ययन गरिएको छ । म्याग्दे गाउँपालिकाका प्राविधिकहरुले मङ्सिर ९ देखि १२ गतेसम्म उक्त ठाउँको विस्तृत अध्ययन प्रतिवेदन तयार गरेका हुन् ।

यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यसहित अध्ययन गरी सुधारका योजनासहितको प्रतिवेदन तयार गरिएको निलकण्ठेश्वर महादेव सिद्धेश्वर गुफा व्यवस्थापन समितिका अध्यक्ष श्रीभद्र आचार्यले बताउनुभयो । पर्यटकीय सम्भावना भए पनि प्रचारप्रसारको अभावमा यो ठाउँ ओझेलमा परेपछि प्रवर्द्धनका लागि पहल गरिएको उहाँले बताउनुभयो । यहाँको प्रचारप्रसार तथा पर्यटकीय सम्भावनालाई उजागर गरी धार्मिक गन्तव्यस्थल बनाउने उद्देश्यले स्थानीयवासी जुटेका हुन् । धेरै वर्ष पहिलादेखि यहाँ रहेको यो गुफाको आवश्यक संरक्षण र प्रवर्द्धन नहुँदा ओझेलमा परेको बताउँदै आचार्यले यसको संरक्षण गरेर पर्यटकीय गतिविधि विस्तारमा जोड दिइएको उल्लेख गर्नुभयो । “यस गुफाका बारेमा धेरैलाई थाहा छैन, सामाजिक सञ्जालमार्फत हामीले प्रचारप्रसारमा जोड दिएका छौँ । स्थानीय सरकारलाई पनि यहाँ सम्भावना उजागरमा सहयोगसहित पूर्वाधार विकासका लागि अनुरोध गरेका छौँ । सोअनुरुप पहिलो चरणको अध्ययन सकिएको छ । अब पूर्वाधार निर्माणमा जोड दिनेछौँ ।” आचार्यसहित स्थानीयवासीले केही समयअघि मात्रै गुफाभित्र शिवलिङ्ग, गणेश, नाग, शङ्खलगायत भगवान्का आकृतिसहितका संरचना फेला पारेका हुन् । उहाँले भन्नुभयो, “गुफाभित्र शिवलिङ्ग भएका बारेमा हामीलाई पनि थाहा थिएन, गुफा अवलोकनका क्रममा उक्त शिवलिङ्ग भेटियो । नजिक भएर पनि हामी अन्यौलमा रहेछौँ । शिवलिङ्गमा आफैँ जल चुहिने गरेको छ ।” शिवलिङ्गको माथिपट्टि रहेको ढुङ्गाबाट आफैँ जल चुहिएर शिवलिङ्गमा झर्ने गरेको उहाँको भनाइ छ ।

आचार्यले भन्नुभयो, “परापूर्वकालमा यस ठाउँमा भगवान् शिवजीले बास गरेको विश्वास स्थानीयमा छ । यहाँ एक सय आठ बेलका वृक्षहरू पनि छन् । यहाँको वस्तुस्थिति हेर्दा शिवको बास थियो भन्ने कुरामा द्विविधा छैन । यसको संरक्षण र प्रवर्द्धन गर्नुपर्छ भनेर हामी जुटेका हौँ ।” सिद्धेश्वर गुफाको प्रवर्द्धनका लागि स्थानीय सरकारले पनि चासो देखाएको छ । यस ठाउँलाई म्याग्दे गाउँपालिकाको पर्यटकीयस्थलका रूपमा लिँदै आगामी दिनमा यसको व्यवस्थापनमा पालिकाले सहयोग गर्ने गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, “गाउँपालिकाले पालिकाभित्रका सबै पर्यटकीयस्थलको प्रचारप्रसार, प्रवर्द्धन, पूर्वाधार निर्माणमा सहयोग गरिरहेको छ । यहाँको विकासका लागि पालिकाले निरन्तर सहयोग गर्नेछ ।”